# सुनापति गाँउपालिकाको विनियोजन विधेयक २०७५

सुनापति गाँउपालिकाको विनियोजन ऐन गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

**प्रस्तावना** : सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सुनापति गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"सुनापति गाउँपालिकाको विनियोजन ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची २.१ र अनुसुची २.३ मा उल्लिखित चालु खर्च, पुँजिगत खर्च, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, सामाजिक सुरक्षा अनुदान, आर्थिक वर्ष २०७५।०७६ मा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी विवरण र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रु.**४२,९६,४७,०००**।०० (अक्षरुपी बयालीस करोड छयानब्वे लाख सतचालीस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त सुनापति गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चीस प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चीस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृती लिनु पर्नेछ ।

**अनुसुची २.१**

**(दफा २ सँग सम्बन्धित)**

**रु.हजारमा**

| **क.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजिगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा रकम** |
|---|---|---|---|---|---|---|
| क. | | गाउँ कार्यपालिका चालु खर्च (आन्तरिक समेत) | ४,४३,००। | | | |
| ख. | | वडा स्तरीय आयोजना तथा कार्यक्रमहरु | ४५,००। | ४,००,००। | | |
| ग. | | गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रमहरु (विषयगत शाखा र समपुरक कोषको समेत) | | १२,६९,४७। | | |
| घ. | | नेपाल सरकार सशर्त अनुदान तर्फ | | १४,२९,००। | | |
| ङ | | प्रदेश सरकार सशर्त अनुदान तर्फ | | २,५०,००। | | |
| च. | | सामाजिक सुरक्षा अनुदान तर्फ | | ४,६०,००। | | |
| छ. | | आर्थिक वर्ष २०७५।०७६ मा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी | | | | |
| **जम्मा** | | | **४,८८,००** | **३८,०८,४७** | | |